**आज मिति २०७९।०२।२६ गते काठमाडौ उपत्यकाको फोहोरमैला व्यवस्थापन हुदै आएको सिसडोल बन्चरेडाँडा–कुँडुले ल्याण्डफिल साइटमा फोहरमैला व्यवस्थापनमा सहजताका लागि गरिएको सहमति पत्र**

१. काठमाडौ महानगरपालिकावाट बन्चरे डाँडा कुँडुले सम्म फोहोर ढुवानी गर्ने कार्य दीर्घकालीन रुपमा रातीको समयमा गर्ने । रातीको लागि आवश्यक पूर्वाधार बत्ती तथा बाटोको निर्माण तथा व्यवस्था महानगरपालिकाले तीन महिना भित्र गर्ने ।

२. सिसडोल तथा बन्चरे डाँडामा फोहोरको दुर्गन्ध नआउने गरी काठमाडौ महानगरपालिकाले एक महिना भित्र व्यवस्थापन गर्ने ।

३. फोहोरबाट निस्कने लिच्चड खोलामा नमिसाउने गरी दुइ महिना भित्र वैज्ञानिक व्यवस्थापन गर्ने ।

४. फोहोर बोक्ने गाडीवाट बाटोमा लिच्चड नचुहिने व्यवस्था एक महिना भित्र मिलाउने ।

५. फोहोरमैला प्रभावित क्षेत्रको वैज्ञानिक अध्ययन गरी प्रभावित क्षेत्र छुट्याउने र अध्ययनले दिएको कार्यहरु कार्यान्वयन गर्न पहल गर्ने ।

६. सिसडोलको क्यापिंग गर्ने सम्वन्धमा वैज्ञानिक अध्ययन गराई प्राप्त प्रतिवेदनका आधारमा छ महिना भित्र महानगरपालिकाले कार्यान्वयन गर्ने गराउने ।

७. प्रभावित क्षेत्रको पहिचान भइसकेपछि अधिग्रहण, मुआब्जा वितरण लगायतका कार्य गर्न महानगरपालिकाले नेपाल सरकारको सम्वद्ध मंत्रालय तथा निकायमा पहल गर्ने ।

८. मिति २०७९।०२।२३मा भएको सम्झौताको अतिरिक्त फोहोरमैला व्यवस्थापनमा संलग्न चालक तथा सहचालक तथा अन्य कर्मचारीहरुको महागरपालिकाले स्वास्थ्य बिमा गर्ने । असाध्यै रोग लागेका प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि महानगरवासिले प्राप्त गर्ने सरह उपलब्ध गराउने ।

९. फोहोरमैला व्यवस्थापनको कारण प्रभावित भएका क्षेत्रको विकास निर्माणका लागि काठमाडौ महानगरपालिकाले वार्षिक रुपमा बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिने ।

१०. फोहोरलाई स्रोतमा वर्गीकरण गरी व्यवस्थापन गर्ने कार्यको जिम्मेवारी महानगरपालिकाको हुने ।

११. प्रभावित क्षेत्रको शिक्षाको गुणस्तर वृद्धीका लागि महानगरपालिकाले सहयोग गर्ने ।

१२. फोहोरमैला प्रभावित क्षेत्र आसपासलाई सम्भव भएसम्म हरियाली क्षेत्रको रुपमा विकास गर्ने ।

१३. प्रभावित क्षेत्रमा कृषि प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्न सहयोग गर्ने ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं
२०७२

१३(क) बन्चरेडाँडा बफरको घरटहरा क्षतिपूर्ति ३ महिनाभित्र निर्णय गर्ने ।

१४. फोहोर विसर्जन स्थल र फोहोर लैजाने वाटोमा उत्पन्न हुने पहिरो नियन्त्रणको कार्य प्राथमिकताका साथ गर्ने ।

१५. प्रभावित क्षेत्रमा आवत जावत गर्ने तीनपिप्ले गल्छी वैकल्पिक राजमार्गको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

१६. तीनपिप्ले देखि बन्चरे डाँडासम्मको हाल फोहोर ढुवानी गर्ने सडकको नाममा जग्गाको लगत कायम गर्न पहल गर्ने ।

१७. मिति २०७९।०२।२७ गते देखि नै उपत्यकाको फोहोर विसर्जनको अवरोध हटाई सुचारु गर्ने ।

१८. मिति २०७९।०२।२३ गते नेपाल सरकार शहरी विकास मंत्रालयमा भएको प्रतिबद्धताको कार्यान्वयन गर्न पहल गर्ने ।

१. श्री बालेन्द्र साह, प्रमुख काठमाडौ महानगरपालिका कार्यालय

२. श्री सुनिता डंगोल, उप प्रमुख काठमाडौ महानगरपालिका कार्यालय

३. श्री लोकनाथ पौड्याल, प्रमुख प्रशासकीय अधिकृत, का.म.पा

४. श्री पदम बहादुर श्रेष्ठ वलामी वडाध्यक्ष, ककनी गा.पा. वडा नं १

५ श्री तिलक बहादुर लामा, वडाध्यक्ष, ककनी गा.पा. वडा नं २

६. श्रीमान बहादुर तामाङ वडाध्यक्ष, धुनिवेशी नगरपालिका वडा नं १

७. श्री प्रकाश हमाल वडाध्यक्ष, धुनिवेशी नगरपालिका वडा नं ३